नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२

चलानी नं.:- ८४

मितिः-२०८१/०५/२५

ने.सं.११४४ जलाथ्व ०७

विषयः- समन्वय तथा सहजीकरण सम्वन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संस्कृति महाशाखाको च.नं. ९३, मिति २०८१/०५/२० को समन्वय तथा सहजीकरण सम्बन्धी पत्र र सोसाथ प्राप्त पुरातत्त्व विभागको पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाएको व्यहोरा आदेशानुसार अनुरोध छ।

.....................

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संस्कृति महाशाखा, सिंहदरवार, काठमाडौं।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार
संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
(संस्कृति महाशाखा )

www.tourism.gov.np
Email :info@tourism.gov.np
: admin@tourism.gov.np
: it@tourism.gov.np
: planning@tourismm.gov.np

पत्र संख्या :- २०८१।८२
चलानी.नं. :- ९३

सिंहदरवार, काठमाडौं, नेपाल

नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरवार, काठमाण्डौ

मितिः वि.स. २०८१।०५।२०
ने.स.१४४ ञलाथ्व द्वितीया

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ९२८
दर्ता मितिः- ५।२३

स. भा. श.
१४४
५।२३

**विषयः समन्वय तथा सहजीकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा पुरातत्व विभागको प.स. २०८१/८२ च.न. ३५ मिति २०८१/५/७ को पत्र मार्फत् प्राचीन स्मारक संरक्षण ऐन, २०१३ र नियमावली, २०४६ बमोजिम स्थानीय तहहरुको कार्य क्षेत्र भित्र रहेका प्राचीन स्मारक/सम्पदाको संरक्षण र पुनर्निर्माण कार्यमा तपसिल बमोजिम कार्यका लागि पुरातत्व विभागसँग समन्वय गरी गर्न, गराउन ७५३ वटै स्थानीय तहहरुलाई तहाँ मन्त्रालयमार्फत् परिपत्र गर्न व्यवस्था मिलाई दिनु हुन भनी पुरातत्व विभागबाट अनुरोध भई आएको हुँदा सोहीअनुसार हुन नेपाल सरकार (सचिवस्तर) मिति २०८१/५/२० को निर्णयानुसार प्राप्त पत्रको छायाँप्रति पन्ना १ (एक) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

२०८१।५।२०
(भीष्म बाँस्कोटा)
पुरातत्व अधिकृत

तपसिल

(१) प्राचीन स्मारक र पुरातत्व सम्बन्धी ऐतिहासिक वा कलात्मक वस्तुहरूको संरक्षणको निमित्त बनेको प्राचीन स्मारक संरक्षण ऐन, २०१३ र नियमावली, २०४६ बमोजिम गर्नु पर्ने,

(२) प्रत्येक स्थानीय तहले आफ्नो कार्य क्षेत्रभित्र भएका पुरातात्विक महत्वका मठ, मन्दिर सत्तल, ढुंगेधारा र इनार आदिको पुनर्निर्माण, जीर्णोद्धार, मर्मत समेत गर्दा पुरातत्व विभागको स्वीकृत लिनु पर्ने,

(३) पुनर्निर्माण, जीर्णोद्धार तथा मर्मत गर्दा मौलिक स्वरुपमा परम्परागत निर्माण सामग्रीको प्रयोग गर्ने ।

श्री स्थानीय तह [illegible]
५।२२

बोधार्थ

श्री पुरातत्व विभाग, रामशाहपथ ।

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# पुरातत्त्व विभाग

रामशाहपथ, काठमाडौं

कर्मचारी प्रशासन शाखा

पत्र संख्याः- २०८१/०८२

चलानी नः- ३४

मितिः- २०८१/०५/०७

ने. सं.११४४ गुँलागा, शुक्रबार

विषयः- समन्वय तथा सहजीकरण सम्बन्धमा।

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा प्राचिन स्मारक संरक्षण ऐन, २०१३ र प्राचिन स्मारक संरक्षण नियामावली २०४६ बमोजिम ७५३ स्थानीय तहहरुको कार्य क्षेत्र भित्र रहेका प्राचिन सम्पदाको संरक्षण र पुनः निर्माण कार्यमा तपसिल बमोजिम कार्यका लागि यस विभागसँग समन्वय गरी गर्न गराउन ७५३ स्थानीय तहहरुलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत परिपत्र गर्न व्यवस्था मिलाई दिनुहुन विभागको मिति २०८१/०५/०७ को निर्णयानुसार अनुरोध छ ।

तपसिलः-

१. प्राचिन स्मारक र पुरातत्त्व सम्बन्धी ऐतिहासिक वा कलात्मक वस्तुहरुको संरक्षणको निमित्त बनेको प्राचिन स्मारक संरक्षण ऐन, २०१३ र नियामावली २०४६ बमोजिम गर्नुपर्ने।
२. प्रत्येक स्थानीय तहले आफ्नो कार्य क्षेत्रभित्र भएका पुरातात्विक महत्वका मठमन्दिर, सत्तल, ढुङ्गेधारा र इनार आदिको पुनःनिर्माण जिर्णोद्धार मर्मत गर्दा पुरातत्त्व विभागको स्वीकृत लिनु पर्ने।
३. पुनः निर्माण, जिर्णोद्वार तथा मर्मत गर्दा मौलिक स्वरुपमा परम्परागत निर्माण सामाग्रीको प्रयोग गर्ने।

(धृता कुमारी खत्री )
शाखा अधिकृत

सचिव